# गङ्गाजमुना गाउँपालिका

## गङ्गाजमुना राजपत्र

खण्डः ८ संख्याः ४ मितिः २०८१/१०/१७

गङ्गाजमुना गाउँपालिकाको कार्यालय

धादिङ

बागमती प्रदेश , नेपाल

**सार्वजनिक/ सामाजिक तथा गैरनाफामुलक संघ संस्थालाई अनुदान वितरण तथा आर्थिक सहयोग सम्बन्धी कार्यविधि २०८१**

# सार्वजनिक/ सामाजिक तथा गैरनाफामुलक संघ संस्थालाई अनुदान वितरण तथा आर्थिक सहयोग सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावनाः**

गङ्गाजमुना गाउँपालिका भित्र वा बाहिर दर्ता भई सञ्चालनमा रहेका सामाजिक उन्नयन, समृद्धि, परिवर्तन, रुपान्तरण वा सकारात्मक विकासका लागि काम गरीरहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सामाजिक कार्यालाई प्रभावकारी बनाउनका लागि बजेट बिनियोजन भएमा गाउँपालिकाबाट त्यस्ता संघसंस्थालाई हुने सहयोगलाई प्रभावकारी, पारदर्शी बनाउन र त्यस्ता संघ संस्थाबाट खर्चमा सम्बन्धित संघसंस्था नै जवाफदेही तथा जिम्मेवार स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ र गङ्गाजमुना गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गङ्गाजमुना गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद—१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम सार्वजनिक/ सामाजिक तथा गैरनाफामुलक संघ संस्थालाई अनुदान वितरण

तथा आर्थिक सहयोग सम्बन्धी कार्यविधि २०८१ रहने छ।

ख. यो कार्यविधि गङ्गाजमुना गाउँकार्यपालिकाको बैठकवाट पास भए पछि कार्यान्वयन हुनेछ ।

**२. परिभाषाः**

क. अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख. उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

ग. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

घ. वडाध्यक्ष भन्नाले सम्बन्धित वडाको वडाध्यक्ष सम्झनु पर्दछ।

ङ. कार्यपालिका र गाउँसभा भन्नाले यस गंगाजमुना गाउँपालिकाको कार्यपालिका र गाउँसभालाई सम्झनु पर्दछ।

च. कार्यविधि भन्नाले सार्वजनिक/ सामाजिक तथा गैरनाफामुलक संघ संस्थालाई अनुदान वितरण तथा आर्थिक सहयोग सम्बन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्छ ।

छ. सहयोग भन्नाले यस गंगाजमुना गाउँपालिकाबाट प्रदान गरिने आर्थिक, प्राविधिक तथा जिन्सी

गङ्गाजमुना राजपत्र

सहयोग लगायत अन्य जुनसुकै किसिमको सहयोगलाई सम्झिनु पर्दछ।

ज. संघ संस्था भन्नाले सामाजिक विकास भलाईका लागि सहयोग गर्न प्रचलित कानून बमोजिम दर्ता भएका कारोबारका लागि आफ्नै छुट्टै बैंक खाता भएको शैक्षिक, स्वास्थ्य संस्था, बाल क्लब, युवा क्लब, जात जातिगत समाज वा समुदायको नाममा दर्ता भएको संस्था लगायतलाई सम्झनु पर्दछ।

**३. सहयोगको व्यवस्थापनः**

(१) विभिन्न संघ संस्थालाई सहयोग रकमको लागि वार्षिक रुपमा खर्च हुने रकम प्रत्येक वर्ष गाउँपालिकाले गाउँसभाबाट निश्चित रकम विनियोजित गर्नुपर्ने छ ।

(२) आर्थिक सहयोग वा अनुदान वा अन्य सहयोग गाउँपालिकाले सम्बन्धित संघसंस्थाको खातामा सोझै भुक्तानी दिनेछ। सहयोग रकम तथा जिन्सी सम्बन्धी खर्चको सम्पूर्ण जिम्मेवारी तथा जवाफदेही सम्बन्धित संघ संस्थाको खाता सञ्चालक हुनु पर्नेछ। गाउँपालिकाबाट प्रदान गरेको सहयोगको दुरुपयोग गरेमा वा कानुन बमोजिम खर्च नगरेमा तथा भ्रष्टचार जन्य कार्य

गरेमा सम्बन्धित खाता सञ्चालक नै जवाफदेही हुनेछ।

क. गाउँसभाबाट छुट्याएको सहयोग वा अनुदान रकम प्रमुख प्रशासकीय अधिकृतको निर्णयले सिधै सम्बन्धित संघ संस्थाको खातामा भुक्तानी दिन सकिनेछ।

ख. गाउँसभाबाट नछुट्याएको सम्बन्धित वा खर्च लेखाङ्कन गर्न सक्ने शिर्षकबाट गाउँपालिका अध्यक्षको तोक आदेशबाट रु. ५००००/- (अक्षेरुपी रु पचास हजार) सम्मको सहयोग भुक्तानी दिन सकिनेछ।

ग. गाउँसभाबाट नछुट्याएको (रु. ५००००/- अक्षेरुपी रु पचास हजार) भन्दा माथिको सहयोग कार्यपालिकाको निर्णयबाट भुक्तानी दिन सकिनेछ।

**४. सहयोग वितरण सम्वन्धी विधिः**

क. आर्थि सहयोग वा अनुदान वा अन्य सहयोगका लागि सम्बन्धित संघसंस्थाले के कसरी खर्च गर्ने हो? सो प्रस्तावना बनाई सम्बन्धित बोर्ड वा

व्यवस्थापकीय समितिको निर्णय सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

ख. गाउँपालिकाले सम्पुर्ण कागजात हेरी दफा ३ मा भएको ब्यवस्था बमोजिम निर्णय गरी भुक्तानी गर्नेछ।

**५. अनुगमन तथा मूल्यांकन प्रक्रियाः**

गंङ्गाजमुना गाउँकार्यपालिकावाट नियमित रुपमा अनुगमन तथा मूल्यांकन कार्य गरिनेछ । अनुगमन तथा मूल्यांकन पश्चात देखिएका समस्याहरुको समाधानको लागि गाउँकार्यपालिकामा आवश्यक छलफल नियमित रुपमा गरिनेछ ।

**६. उजुरी गर्ने व्यवस्थाः**

यस गाउँपालिकाबाट गरिएको सहयोग सम्वन्धित ब्यक्ति वा संस्थाले उद्येश्यअनुरुप खर्च नगरेमा सम्बन्धित सरोकारवालाले गङ्गाजमुना गाउँपालिकामा लिखित तथा मौखिक उजुरी दिन सकिनेछ । यसरी परेको उजुरी उपर आवश्यक छानविन गरि सम्वन्धित व्यक्तिलाई जानकारी गराइनेछ ।

**९. बाधा अडकाउ फुकाउनेः**

यस कार्यविधि बमोजिम सहयोग रकम सम्वन्धमा कुनै बाधा पर्न गएमा वा थप व्याख्या गर्नुपर्ने भएमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१०. गङ्गाजमुना गाउँपालिकाले कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।**

**११. बचाउ र लागू नहुनेः**

क. यस अगाडी वितरण वा भुक्तानी भएको सहयोग पनि यस कार्यविधि बमोजिम नै भएको मानिनेछ।

**आज्ञाले,**

**सन्जय बहादु स्याङतान**

**प्रमुख प्रशासकीय अधिकृत**

गङ्गाजमुना गाउँ